नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :-०८१/८२
चलानी नं.:- २३५९

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मिति: २०८२/०३/०९

**विषय**: विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री जम्बाला इनर्जी प्रा. लि.
का.म.न.पा.-०६, काठमाडौं नेपाल ।
फो नं.: ९८५१०४२९८२
ईमेल: zambalaenergyltd@gmail.com

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित चाखे खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन)को दफा १० को उपदफा (३)को व्यवस्था बमोजिम निम्न विवरणहरु **पैतिस (३५)** दिनको समयावधी भित्र पेश गर्नु हुन विभागको मिति २०८२/०३/०५को निर्णयानुसार जानकारी गराइन्छ ।

१. हाल पेश भएको Desk study report तथा स्थलरुप नक्सामा सर्वेक्षण क्षेत्र तथा संरचनाको स्थान माग भएको क्षेत्र भन्दा फरक/बाहिर पर्ने देखिएको हुँदा यथार्थपरक तथा त्रुटी रहित Desk study report र आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
२. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको (नोटराइज प्रतिलिपि) ।
३. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि) ।
४. अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र ।
५. विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
६. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण ।
७. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
८. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०८०/८१को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
९. परामर्श दातृ संस्था सँग सम्भाव्यता अध्ययन गर्न भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(डा. आस्था भट्ट)
इन्जिनियर